# प्रदेश राजपत्र

प्रदेश नं. १, प्रदेश सरकारद्वारा प्रकाशित

खण्ड २) विराटनगर, नेपाल, आषाढ १३ गते, २०७६ साल (अतिरिक्ताङ्क १४

## भाग २

### प्रदेश सरकार

### प्रदेश नं. १, विराटनगर, नेपाल

## आन्तरिक मामिला तथा कानून मन्त्रालयको सूचना

प्रशासकीय कार्यविधि (नियमति गर्ने) ऐन, २०७५ को दफा ३(१) ले दिएको अधिकार प्रयोग गरी प्रदेश नं १ को प्रदेश सरकारले बनाएको तल लेखिए बमोजिमको कार्यविधि सर्वसाधारणको जानकारीको लागि प्रकाशन गरिएको छ ।

## सगरमाथा टिन्स क्लब (एसटीसी) बिउ कोष स्थापना तथा सञ्चालन कार्यविधि, २०७६

प्रस्तावना : सगरमाथा टिन्स क्लब (एसटीसी) (सञ्चालन तथा व्यवस्थापन) कार्यविधि, २०७५ अनुसार सगरमाथा टिन्स क्लब (एसटीसी) गठन हुने सामुदायिक एवं संस्थागत विद्यालयको नाउँमा बिउ कोष स्थापना तथा सञ्चालन गर्ने प्रयोजनार्थ प्रशासकीय कार्यविधि (नियमित गर्ने) ऐन, २०७५ को दफा ३(१) को अधिकार प्रयोग गरी प्रदेश सरकारले यो कार्यविधि बनाएको छ।

### परिच्छेद - १

### प्रारम्भिक

१. संक्षिप्त नाम र प्रारम्भ : (१) यो कार्यविधिको नाम "सगरमाथा टिन्स क्लब (एसटीसी) बिउ कोष स्थापना तथा सञ्चालन कार्यविधि, २०७६" रहेको छ।

(२) यो कार्यविधि तुरुन्त प्रारम्भ हुनेछ।

२. परिभाषा : विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस कार्यविधिमाः-

(क) "कार्यविधि" भन्नाले सगरमाथा टिन्स क्लब (एसटीसी) (सञ्चालन तथा व्यवस्थापन) कार्यविधिलाई जनाउँछ।

(ख) "सामुदायिक तथा संस्थागत विद्यालय" भन्नाले प्रदेशनं. १ मा सञ्चालित सामुदायिक तथा संस्थागत विद्यालयलाई जनाउँछ।

(ग) "किशोर किशोरी" भन्नाले प्रदेश नं. १ अन्तर्गतका सामुदायिक तथा संस्थागत विद्यालयमा पढ्ने कक्षा ९ देखि १२ सम्मका विद्यार्थीहरुलाई जनाउँछ।

(घ) "सामाजिक कार्य" भन्नाले गाउँघर, विद्यालय, घरवरपर तथा वातावरणीय सरसफाई, वातावरण संरक्षण, वृक्षारोपण, प्रकोपका बेला सहयोग, लागुपदार्थ दुर्व्यसन विरुद्धको अभियानहरु, सामाजिक कुरीति विरुद्धमा अभियानहरु, लैंगिक हिंसा विरुद्धका अभियान, सकारात्मक सोच विकास गर्ने खालका अभियान, ट्राफिक सचेतना आदि कार्यलाई जनाउँछ।

(ङ) "प्रदेश सरकार" भन्नाले प्रदेश नं. १ को मन्त्रिपरिषद्लाई जनाउँछ।

(च) "मन्त्रालय" भन्नाले प्रदेश नं. १ को आन्तरिक मामिला तथा कानून मन्त्रालयलाई जनाउँछ र सो शब्दले कार्यविधिको दफा ६ को उपदफा (१) बमोजिमको प्रयोजनको लागि सामाजिक विकास मन्त्रालय समेतलाई जनाउँछ।

(छ) "स्थानीय तह" भन्नाले प्रदेश नं. १ भित्रका महानगरपालिका, उपमहानगरपालिका, नगरपालिका र गाउँपालिकालाई जनाउँछ।

(ज) "क्लब" भन्नाले सामुदायिक तथा संस्थागत विद्यालयमा कक्षा ९ देखि १२ सम्म अध्ययनरत किशोर किशोरीहरुको क्लबलाई जनाउँछ।

## परिच्छेद - २

## <u>कार्यविधिको उद्देश्य, कार्यक्रम तथा क्रियाकलाप सञ्चालन सम्बन्धी</u>

३. <u>कार्यविधिको उद्देश्य</u> : (१) कार्यविधि अनुसार सगरमाथा टिन्स क्लब (एसटीसी) गठन हुने सामुदायिक तथा संस्थागत विद्यालयको बैंक खातामा जम्मा हुने गरी बिउ कोष पाँच हजार रुपैयाँ बचत खातामा जम्मा गरिनेछ।

(२) उक्त कोषको रकम क्लबले गर्ने रचनात्मक क्रियाकलापका लागि शिक्षक नायकको सिफारिसमा खर्च गरिनेछ।

(३) रचनात्मक क्रियाकलाप अन्तर्गत निम्न क्रियाकलापहरु पर्नेछः-

(क) किशोर किशोरीलाई शैक्षिक सचेतना कार्यक्रम सञ्चालन गर्ने,

(ख) क्लबको आवश्यकता अनुसार नियमित बैठक बस्ने र साप्ताहिक, मासिक र वार्षिक कार्ययोजना तयार गर्ने,

(ग) क्लबले सञ्चालन गरेका गतिविधिहरुको अभिलेख राखी सूचना पाटीमा टाँस गर्ने,

(घ) विद्यालयस्तरमा भएका किशोर किशोरीहरुको समस्याहरु पहिचान गरी त्यसका समाधानका लागि सम्बन्धित निकायमा जानकारी गराउने र शैक्षिक अभियान कार्यक्रम सञ्चालन गर्न उत्प्रेरणा जगाउने,

(ङ) किशोर किशोरी माथि हुने हिंसा, दुर्व्यवहार, शोषण, विभेद, बालविवाह जस्ता क्रियाकलापहरु रोक्न सचेतनामूलक कार्यक्रमहरु सञ्चालन गर्ने,

(च) विद्यालय व्यवस्थापन तथा स्थानीय सरोकारवाला संयन्त्रसँग क्लबको संस्थागत विकासका लागि समन्वय तथा सम्बन्ध विस्तार गर्ने,

(छ) किशोर किशोरीहरुको आफूभित्र रहेको प्रतिभा, खुबीलाई उजागर गर्न तथा लागुपदार्थ दुर्व्यसन, चेलीबेटी बेचबिखनको विरुद्धको अभियान, सामाजिक क्रियाकलाप,

प्राकृतिक प्रकोप जस्ता सचेतनामूलक कार्यक्रमहरु गर्ने, चित्रकला प्रतियोगिता, वक्तृत्वकला, वादविवाद, हाजिरीजवाफ, निबन्ध, खेलकुद, कविता लेखन, गीतसंगीत, नाटक, अन्तरक्रिया, वृत्तचित्र, सकारात्मक सन्देशमूलक र्‍याली तथा जुलुस, फोटो प्रदर्शनी, भित्तेलेखन, पम्प्लेट पर्चा, पोष्टर वितरणका कामहरु गर्ने,

(ज) विद्यालय व्यवस्थापन समिति तथा प्रधानाध्यापकसँग समन्वय गरी कार्यक्रमहरु सञ्चालन गर्ने,

(झ) प्रदेश सरकारको नीति तथा कार्यक्रममा रहेका सन्देशमूलक, शिक्षाप्रद, मनोरञ्जनात्मक विषयहरुमा विद्यालय तहमा कार्यक्रम सञ्चालन गर्न मन्त्रालयहरुसँग अनुरोध गर्ने,

(ञ) सामाजिक क्रियाकलापमा सहभागिता जनाउने।

४. <u>रकम थप गर्न सकिने</u> : बिउ कोषको रुपमा रहेको रकममा आवश्यकतानुसार मन्त्रालयले रकम थप गर्न सक्नेछ।

५. <u>बाधा नपर्ने</u> : विद्यालयस्तरमा सञ्चालित सगरमाथा टिन्स क्लब (एसटीसी) को बिउ कोषको खातामा पूर्व विद्यार्थी, विद्यालय, स्थानीय तह, प्रदेश, संघ, विभिन्न संघसंस्था, सजाजसेवीबाट प्राप्त रकम दाखिला गर्न बाधा पर्ने छैन। यसरी प्राप्त भएको सहयोग अनुदानको लगत राखी मन्त्रालयलाई जानकारी गराउनु पर्नेछ।

६. <u>प्रतिवेदन पेश गर्नुपर्ने</u> : बिउ कोषबाट सञ्चालन भएका क्रियाकलापहरुको प्रतिवेदन अनुसूची-१ बमोजिमको ढाँचामा मन्त्रालयमा पेश गर्नुपर्नेछ।

## अनुसूची - १
(दफा ६ सँग सम्बन्धित)

प्रतिवेदनको ढाँचा

सगरमाथा टिन्स क्लब (एसटीसी)

.................. माध्यमिक विद्यालय

......................

| |
|---|
| (क) क्रियाकलापको नाम :- |
| (ख) सञ्चालन मिति र स्थान :- |
| (ग) क्रियाकलापको संक्षिप्त विवरण :- |
| |
| (घ) क्रियाकलापका सहभागीहरु :- |

..................                ..................

शिक्षक नायक                प्रधानाध्यापक

प्रमाणीकरण मितिः- २०७६/०३/१३

आज्ञाले,

कमल बहादुर थापा

प्रदेश सरकारको नि.सचिव



प्रदेश सरकार, आन्तरिक मामिला तथा कानून मन्त्रालय, प्रदेश नं. १, विराटनगरमा मुद्रित।
Website:- www.p1moial.gov.np